का.जि.प्र.का.द.नं. १००/०७२/७३
२३ कात्तिक २०८०,
बिहीबार
9 November 2023,
Thursday
मूल्य रु. ५/-
मध्याह्न
राष्ट्रिय दैनिक
वर्ष २१, अंक २८० । पृष्ठ १२
Madhyanha National Daily

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
# स्वास्थ्य सेवा कार्यालय
दैलेख, नेपाल

## राशन खुवाउने कार्यको सिलबन्दी बोलपत्र आह्वान

**प्रथम पटक प्रकाशित मिति: २०८०/०७/२३ गते**

दैलेख जिल्ला अस्पतालको अन्तरङ्ग बिभाग (ईन्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागि) मिति २०८० साल माघ १ गते देखि लागु हुने गरि मिति २०८१ पौष मसान्त सम्मको लागि राशन खुवाउने कार्य को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तोकिएको राशन खुवाउन ईच्छुक इजाजत प्राप्त फर्मले रु. १० को टिकट टाँसी निम्न शर्तको अधिनमा रहि रित पुर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागी यो सिलबन्दी बोलपत्र आह्वानको सुचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक इजाजत प्राप्त फर्मले बोलपत्र फाराम प्रत्येकको पछि फिर्ता नहुने गरी रु. ३०००।– (तीन हजार) तिरी सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिन भित्र स्वास्थ्य सेवा कार्यालय, दैलेख, प्रदेश लेखा इकाई कार्यालय, दैलेख र जिल्ला प्रशासन कार्यालय, दैलेखबाट सिलबन्दी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्दा अध्यावधिक नविकरण भएको फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. २०७९।०८० सम्मको कर चुक्ता प्रमाण पत्र (कर चुक्ता नभएमा म्याद थपको पत्र) र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । बोलपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ । तर कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफैं वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न पाइने छैन ।

३. खरिद भएका बोलपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी सहिछाप गरि सिलबन्दी गरि खामको बाहिर ब्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट लेखि ३१ (एक्कतीस) औं दिनको १२:०० बजे भित्र स्वास्थ्य सेवा कार्यालय, दैलेखमा दर्ता गराउनु पर्नेछ । अन्यथा मान्यता दिईने छैन । दर्ता भएका सम्पूर्ण शिलबन्दी बोलपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहवरमा सोहि दिनको २:०० बजे खोलिने छ । बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम प्रदेश लेखा इकाई कार्यालय, दैलेखको राष्ट्रिय बाणिज्य बैंक शाखा दैलेखमा रहेको धरौटी खाता नं.४०१०१००२०२०३०००० मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० (एक सय बीस) दिन म्याद भएको बिड बण्ड संलग्न हुनुपर्नेछ । नगद लाई मान्यता दिईने छैन ।

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा निर्देशनालय स्वास्थ्य सेवा कार्यालय दैलेख नेपाल

नि. स्वास्थ्य सेवा व्यवस्थापक

५. शिलबन्दी बोलपत्र साथ चामल, मिश्रित दाल, आलु, तेल तोरीको, अण्डा, आयोडिन नुन, मिश्रित मसला र बिष्कुष्टको नमूना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ अन्यथा उक्त बोलपत्रलाई मान्यता दिईने छैन।
६. ठेक्का अवधी भर कुनै पनि मुल्य बृद्धि दिईने छैन।
७. सिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ।
८. सिलबन्दी बोलपत्रमा अङ्क र अक्षर दुबैमा प्रष्ट सँग लेखिएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ।
९. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोनु पर्नेछ।
१०. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी बोलपत्र उपर कुनै पनि कारबाही गरिने छैन।
११. बोलपत्र सम्बन्धी सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।
१२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार राशन व्यवस्थापन समितिमा सुरक्षित रहनेछ।
१३. सिलबन्दी बोलपत्र दाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेमा कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमको घटी कबुल गरेको छ सो को ५० प्रतिशत हुन आउने रकम कबुल अङ्कको ५ प्रतिशत थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ।
१४. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।
१५. शिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राख्न सकिनेछ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.कर बाहेक) (रु.) | विडबण्ड रकम (रु.) | बोलपत्र खरिद दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १. | २/०८०/०८१ | दैलेख जिल्ला अस्पतालको अन्तरंग बिभाग ( ईन्डोर शाखामा भर्ना भई उपचार गराउने बिरामीहरुको लागि) मिति २०८० साल माघ १ गते देखि लागु हुने गरि मिति २०८१ पौष मसान्तको लागि राशन खुवाउने कार्य। | २६४२३७३.६९ | ६६१००/- | ३०००/- |

नि. स्वास्थ्य सेवा व्यवस्थापक
स्वास्थ्य सेवा कार्यालय, दैलेख